स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



हरितालिका तीजको छेको पारेर आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म "माग्ने राजा"को टिजर सार्वजनिक गरिएको छ। हास्यरसले भरिएको २ मिनेट लामो टिजरमा कलाकार केदार घिमिरे "माग्ने बुढा"को शान-सौकत र ऐस-आरामयुक्त जिन्दगी देखाइएको छ । उनको पात्रले पैसाको तुजुकमा आफूलाई राजा ठान्ने गर्छ । टिजरमा उनी दुई अलग गेटअपमा प्रस्तुत छन् ।

**आजको विचार...**



तोमनाथ उप्रेती

धानमा... (दुई पेजमा)

अभिनेता परेश रावल बाहिरिएपछि अन्योल बनेको फिल्म "हेरा फेरी ३"को निर्माण अब भने सुरु हुने भएको छ । किनकि, फिल्ममा परेश फर्किएका छन् । यसको पुष्टि उनी स्वयंले गरेका हुन् । हालै एक पोडकास्टमा उनले फिल्ममा आफूले अभिनय गर्न लागेको बताए । यसअघि रावल स्वयंले आफूले फिल्म छाडेको बताएका थिए । उनी बाहिरिएपछि फिल्मको सम्पूर्ण काम रोकिएको थियो ।



❐ वर्ष ३० ❐अंक ३३६ ❐ २०८२ असार १७ गते मंगलबार 1 July 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विस्फोटमा १२ को मृत्यु



(रासस/एएफपी)

**नयाँ दिल्ली, असार १६/** भारतको दक्षिणी राज्य तेलङ्गानाको संगारेड्डी जिल्लामा रहेको एउटा रासायनिक कारखानामा सोमबार भएको विस्फोटमा कम्तीमा १२ जनाको मृत्यु भएको छ भने अरू धेरै घाइते भएका छन् । विस्फोटपछि कारखानाको ठूलो भाग भत्किएको छ । जिल्ला दमकल अधिकृत बी. नागेश्वर रावले भन्नुभयो, "हामीले अहिलेसम्म १२ जनाको शव फेला पारिसकेका छौं र अझै भग्नावशेषमा खोजी जारी छ ।" यस घटनाको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको जनाइएको छ । भारतीय सञ्चारमाध्यममा देखाइएका दृश्यहरूमा घटनास्थलबाट बाक्लो कालो धुवाँ आकाशमा उठिरहेको देखिन्छ । भारतमा यस्ता दुर्घटनाहरू कहिलेकाहीं हुने गरेका छन् । प्राय: यस्ता घटनामा सुरक्षा नियमहरूको पालना नहुनु मुख्य कारण भएको बताइन्छ । सरकारले मृतक परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

# पाल्पामा एसइई नतिजाको उत्साह

हाम्रा संवाददाता

**पाल्पा, असार १६/** यस वर्षको एसइई परीक्षाको नतिजा प्रकाशन भएसँगै राम्रो नतिजा लिएका विद्यार्थी र विद्यालयहरु उत्साहित भएका छन् । उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी र विद्यालयहरुले र्‍यालीसहित उत्साह मनाइरहेका छन् । केही विद्यालयहरुको नतिजा भने विगतको भन्दा सन्तोषजनक नरहेको पाइन्छ । केही विद्यालयको नतिजा सन्तोषजनक नरहे पनि अधिकासंको नतिजा भने राम्रै रहेको छ । समग्रमा हेर्दा यस वर्ष पाल्पाको नतिजा उत्साहजन नै रहेको राष्ट्रिय परीक्षा बोर्डले प्रकाशित गरेको नतिजामा देख्न सकिन्छ ।

यस पटक यहाँका दुई सामुदायिक र एक संस्थागत विद्यालयका चार छात्रा र दुई छात्रले चार जिपिए ल्याउन सफल भएका हुन् । तानसेनको न्यू होराईजन माध्यमिक विद्यालयबाट तीन जना, देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयबाट एक जना र रामतुलसी नमुना माध्यमिक विद्यालय रामपुरबाट दुई जना विद्यार्थीले चार जिपिए ल्याएका हुन् । शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाका अनुसार देववाणी देववाणी संस्कृत तथा साधारण माविबाट सुलभ भट्टराई, न्यू होराईजन माविबाट दिया कार्की, कामना राना र निश्चल भण्डारी, रामतुलसी माविबाट विविशा घिमिरे र अनुजा श्रेष्ठले चार जिपिए ल्याउन सफल भएका हुन् । यसले पनि जिल्लाको नतिजा विगतको तुलनामा सुधार उन्मुख र उत्साहजन देखिन्छ ।








नतिजा आएसँगै जिल्लाका केही सामुदायिक र संस्थागत विद्यालयहरुले भने खुसीयाली मनाएका छन् । यहाँका न्यू होराइजन इङ्लिस बोर्डिङ स्कूल, जनता मावि (जेभिटी) र देववाणी संस्कृत तथा साधारण माविले बाजा गाजासहित तानसेन नगर परिक्रमा गरेका थिए । उनीहरुले जिल्लामै उत्कृष्ट नतिजा ल्याउन सफल भएको भन्दै उत्साजनक र्‍याली निकालेका हुन् ।

**होराइजनले मनायो खुसीयाली**

जिल्लामा संस्थागत विद्यालयको रुपमा रहेको न्यू होराइजन इङ्लिस बोर्डिङ स्कूलले उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ । स्कूलले चार जिपिएसहित ७६ जना विद्यार्थी उत्कृष्ट बनाउन सफल भएको हो । यो विद्यालयले जिल्लामै सबै भन्दा बढी चार जिपिए ल्याई विद्यार्थी उर्तिण गराउन सफल भएको हो । यहाँबाट तीन जनाले चार जिपिए ल्याएका छन् । दिया कार्की, कामना राना र निश्चल भण्डारीले चार जिपिए ल्याएका हुन् । यहाँ परीक्षा दिएका मध्ये ९१ दशमलव ५७ प्रतिशत विद्यार्थी उर्तिण भएको प्राचार्य डाँसुराम पन्तले बताए । ८३ जना विद्यार्थीले परीक्षा दिएकोमा ७६ जना विद्यार्थी उर्तिण भएका छन् । सोमबार विद्यालयले जिल्लामै उत्कृष्ट नतिजा ल्याउन सफल भएको भन्दै उत्साजनक र्‍याली समेत निकालेको छ । र्‍यालीमा विद्यार्थी, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकहरुले एक आपसमा खुसी साटसाट गर्नुको साथै पञ्चेबाजा बजाउदै नाचगान सहित तानसेन नगर परिक्रमा गरेका थिए । स्कुलले विगतका बर्षदेखी नै उत्कृष्ट नतिजा ल्याउँदै आएको छ । शिक्षक, विद्यार्थी, अभिभावक र व्यवस्थापन समितिको इमान्दारिता, लगनशीलताकै कारण स्कूल जिल्लाकै उत्कृष्ट स्कुलको रुपमा नतिजा ल्याउन सफल भएको प्राचार्य पन्तले बताए । उनले भने "हामीले विगतदेखि उत्कृष्ट नतिजा ल्याउँदै आएका छौं, यस वर्ष पनि उत्कृष्टतालाई थप वृद्धि गरेका छौं, जिल्लामा ६ जना विद्यार्थीले चार जिपिए ल्याएकोमा तीन जना त हाम्रै स्कूलका विद्यार्थी छन् ।" आगामी दिनमा पनि उत्कृष्टतालाई कायम राख्दै जाने प्रचार्य पन्तले बताए ।

*-बाँकी अन्तिम पेजमा*

# निजामती विधेयक पारित



**पाल्पा, असार १६/** प्रतिनिधिसभाको आइतबारको बैठकबाट बहुप्रतिक्षित 'संघीय निजामती सेवा विधेयक २०८२' पारित भएको छ । अब यो विधेयक राष्ट्रियसभाबाट पारित भई ऐनका रुपमा लागू हुनेछ ।

प्रतिनिधिसभाबाट पारित यो विधेयकले मुलुकमा संघीयता लागू भएपछि झण्डै १० वर्षसम्म देखिएका प्रशासनिक चुनौतीहरुलाई चिर्नेछ । संघीयतामा प्रशासनको उचित व्यवस्थापन भई संविधानको कार्यान्वयन प्रभावकारी रुपमा अघि बढ्ने अपेक्षा गरिएको छ । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले संघीय निजामती विधेयकलाई लामो समयसम्म रौं चिरा छलफल गरी सर्वसम्मतीले पारित गरेको थियो । मुलुक संघीय संरचनामा गइसकेपछि कार्यान्वयनमा आउन लागेको यस कानुनले प्रशासकीय व्यस्थापनका साथै तीनै तहमा तहगत प्रणाली लागू हुनेछ । विधेयकले प्रवेशको उमेर हद पुरुषलाई ३५ वर्ष र महिलालाई ३९ वर्ष निर्धारण गरेको छ । अवकाशको उमेर हद ५८ बाट बढाएर ६० पुऱ्याइएको छ भने विधेयक पारित भएको वर्ष ५८, अर्को वर्ष ५९ र तेस्रो वर्ष ६० वर्षको उमेर हद लागू हुनेछ । त्यस्तै कार्यरत कर्मचारीको मनोबल बढाउने उद्देश्यका साथ सहसचिवको खुला प्रवेशलाई रोक लगाएको छ । त्यस्तै सचिवको अवधि चार वर्ष र मुख्य सचिवको अवधि दुई वर्ष कायम हुनेछ ।

# रुपन्देही-३ को उपनिर्वाचन आगामी कात्तिक १७ गते

**भैरहवा, असार १६** /रुपन्देही क्षेत्र नं-३ मा प्रतिनिधिसभा सदस्यको रिक्त पदपूर्तिका लागि आगामी कात्तिक १७ गते उपनिर्वाचन हुने भएको छ । निर्वाचन आयोगले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै उपनिर्वाचनको मिति तोकेको हो ।

रुपन्देही क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य दीपक बोहराको चैत १९ गते निधन भएकाले यहाँ उपनिर्वाचन हुने भएको छ । विसं २०७९ मङ्सिर ४ गते सम्पन्न आमनिर्वाचनमा बोहरा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई पराजित गर्दै विजयी भएका थिए । "प्रतिनिधिसभाको कार्यकाल ६ महिना बढी अवधि बाँकी रहँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ," भन्ने संविधानको धारा ८४ को उपधारा ७ अनुसार




उपनिर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्थाअनुसार चैत १७ गते उपनिर्वाचनको मिति तोकिएको आयोगकी सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । अब रिक्त पदपूर्तिका लागि संविधान र निर्वाचन कानुनअनुसार तय गरिएको उपनिर्वाचन मितिअनुसार आवश्यक प्रक्रिया सञ्चालन हुनेछ ।

निर्वाचन आयोगले चाँडै मतदाता नामावली, उम्मेदवारी दर्ता, आचारसंहितालगायतका कार्यतालिका सार्वजनिक गर्ने जनाएको छ । रुपन्देही निर्वाचन क्षेत्र नं ३ मा सिद्धार्थनगर नगरपालिका र शुद्धोधन गाउँपालिकाको सबै वडासहित बुटवल उपमहानगरपालिका-१४, १५, १६, १७, १८ र १९, ओमसतिया गाउँपालिकाको वडा नं २, मायादेवी गाउँपालिकाको वडा नं ७ र ८, तिलोत्तमा नगपालिका-१३ र १४ तथा सियारी गाउँपालिका-१, २, ३, ६ र ७ रहेको छ ।

यसैबीच, निर्वाचन आयोगले अर्को सूचना जारी गर्दै यही असार १७ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि मतदाता नामावली दर्ता स्थगन गरेको जनाएको छ । निर्वाचनको मिति घोषणा भइसकेकाले निर्वाचन प्रक्रियाका लागि मतदाता नामावाली दर्ता नहुने व्यवस्था भएकाले नियमित रूपमा भइरहेको मतदाता नामावली अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गरिएको भनी विज्ञप्तिमा उल्लेख छ । *- रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## मलको बर्सेनि अभाव, किसानलाई सधैं तनाव

यति बेला बर्खे धान रोप्न व्यस्त भएका किसान र बारीमा मकै छरेर रासयनिक मल राख्ने तयारी गरिरहेका किसानहरुले सहजै रुपमा मल पाउन नसकेको गुनासो छ । अभावकाबीच मल पाइहालेमा पनि किसानहरू महँगो मूल्य तिर्न विवश छन् । यसले विगतमा जस्तै मल अभावको समस्या दोहोरिने देखिन्छ । सरकारले विगतका वर्षामा जस्तो यस वर्षाको बर्खे धान बालीका लागि रासायनिक मलको अभाव नहुने भने पनि किसानहरुले मल नपाएको गुनासो गर्न थालेका छन् ।

बहुसंख्यक नेपाली कृषिमा आधारित भएको देशमा सधैं मलकै अभाव हुनु लज्जाको विषय हो । कृषि प्रधान देश भनेर के गर्नु ! जबजब किसानलाई रासायनिक मलको आवश्यकता हुन्छ त्यही बेला अभाव हुन्छ । मल अभाव हुँदा उत्पादनमा समेत ह्रास आउने गर्दछ । जसको परिणाम किसान र मुलुककै अर्थतन्त्र संकटमा पर्छ ।

रोपाइँको तयारीमा रहेका किसानलाई यस वर्ष मौसमले साथ दिने जस्तो देखिए पनि रासायनिक मलको पर्याप्तता सुनिश्चित गर्न नसकेर सरकारले भने अप्ठ्यारोमा पार्ने संकेत देखिएको छ । यति बेला रोपाइँमा होमिएका किसानले नै रासायनिक मलको अभाव खेप्नुपरेको छ । किसानले न समयमा मल पाउँछन् नत पर्याप्त सिँचाई नै । सबै समस्या ज्यूँका त्यूँ हुँदा पनि सरकार कृषकप्रति उत्तरदायी बनेको देखिँदैन । यसले हरेक वर्षा किसान खेती गर्न छोड्दै गएका छन् । यसले भोलि देशमा खाद्य संकट उत्पन्न हुन सक्ने सम्भावनालाई बढाउन सक्छ । यसतर्फ सरकारले किसानलाई खेतीतर्फ आकर्षित गर्न मल अभाव हुन नदिने र पर्याप्त सिंचाईको प्रवर्द्धन दीर्घकालीन रुपमा बनाउने दिशामा बेलैमा सोच्न आवश्यक छ । कृषि प्रधान देशका नागरिकले विदेशबाट कृषिजन्य वस्तु आयात गर्नुपर्ने अवस्था आउनु राम्रो होइन । सामान्यतया असार १५ सम्म पहाडमा र त्यसपछि तराईमा रोपाइँ तीव्र हुन्छ । तराईमा रोपाइँ सुरु हुन पनि समय थोरै छ । त्यसैले सरकारले समय छँदै मलको आपूर्ति र वितरणलाई चुस्त बनाउन सक्रियता देखाउनुपर्छ ।

### Opinion @ Social Network

सपना देख्ने होइन,
पूरा गर्ने हिम्मत राख्नुहोस्।
*(कमला रानाको फेसबुक स्टाटस https://www.facebook.com/rana.kamala598)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# धानका सपना र राजनीतिः असारको व्यथा



तोमनाथ उप्रेती

असार आयो भने सायद सबैले खेतमा धान रोप्ने सपना देख्छन्, तर वास्तविकता भने छिट्टै खुल्छ-सपना हो कि सपना तान्नेलाई ठगी? असारको महिना, जहाँ किसान हिलोमा हात गडाएर 'सुनौलो अन्न' उमार्न हतारिन्छ, त्यहीं राजधानीका नेताहरू हिलोमै खुट्टा तान्दै 'विकासका वाचा' गर्छन्। असारमा खेत खाली हुन्छ, तर अफिसको कापी भरेर योजना बनाउनेहरूको झोला पक्कै भरिन्छ।

धान रोप्दा आउने थकान छ, तर हरेक चुनावपछि आउने 'थकान' चाहिँ देशका लागि अझ ठूलो हुन्छ। असारमा पानी नपरेको हुन सक्छ, तर राजनीति भने झरी झैं वर्षिरहन्छ- सबै नेताले आफूलाई 'सिंचाइको इन्जिनियर' घोषित गरिसकेका छन्, तर पानी दिन त कसैले आँखा खोलेको छैन।

अनि किसानहरू हिलोले खेल्दा नेता 'माटोको राजा' बन्ने सपना हेर्छन्, तर तिनको सपना त 'माटो बेच्ने राजा' मात्र देखिन्छ। धानका जातहरू जस्तै राजनीतिका 'जात' पनि छन् - मन्सुली जस्तो हल्का, मार्सी जस्तो टिकाउ र नयाँ 'पार्टी जात' जसले कतिपयले मात्र थाहा पाउँछन्। असारको हिलोमा खेल्दा किसानलाई नत्र 'राजनीतिक खेलमा' खेल्न सिक्नुपर्छ भन्ने भयो। किसानको मुस्कानमा छिपेको छ तीतो व्यथा- धानको सपना र राजनीतिले कस्तो तादात्म्य राख्छन् ! असारको यो 'व्यथा' बुझ्नै पर्छ, नत्र हिलोमै फसेर हाँसो मात्रै बाँकी रहने छ। असार: हाम्रो माटोको 'मिथक' महिना, जहाँ धानका जातहरू मन्सुली, मार्सी, बासमती, घैया, बगडी जस्ता 'पुराना कलाकार'हरू आफ्नो भूमिकामा थिएँ भने, अहिले नयाँ 'धमाका' जातका बिउहरू आएर 'फेसबुक ट्रेन्ड' बनिरहेका छन् । रैथाने जातहरूको संरक्षण गरौं भने किसानहरूलाई 'सावधानीको सतर्कता' र 'प्रगतिशीलता'को पाठ सिकाउनु पर्छ- तर कहिले? जब हामी 'धान निर्यात गर्ने देश' भइदिन्छौं, तब यो 'सपना' होइन 'स्वप्न' हो, जुन पूरा हुनुपर्छ ।

*धान रोप्दा आउने थकान छ, तर हरेक चुनावपछि आउने 'थकान' चाहिँ देशका लागि अझ ठूलो हुन्छ। असारमा पानी नपरेको हुन सक्छ, तर राजनीति भने झरी झैं वर्षिरहन्छ- सबै नेताले आफूलाई 'सिंचाइको इन्जिनियर' घोषित गरिसकेका छन्, तर पानी दिन त कसैले आँखा खोलेको छैन।*
*अनि किसानहरू हिलोले खेल्दा नेता 'माटोको राजा' बन्ने सपना हेर्छन्, तर तिनको सपना त 'माटो बेच्ने राजा' मात्र देखिन्छ। धानका जातहरू जस्तै राजनीतिका 'जात' पनि छन् - मन्सुली जस्तो हल्का, मार्सी जस्तो टिकाउ र नयाँ 'पार्टी जात' जसले कतिपयले मात्र थाहा पाउँछन्। असारको हिलोमा खेल्दा किसानलाई नत्र 'राजनीतिक खेलमा' खेल्न सिक्नुपर्छ भन्ने भयो। किसानको मुस्कानमा छिपेको छ तीतो व्यथा- धानको सपना र राजनीतिले कस्तो तादात्म्य राख्छन् ! असारको यो 'व्यथा' बुझ्नै पर्छ, नत्र हिलोमै फसेर हाँसो मात्रै बाँकी रहने छ।*

युवा भनेको देशको 'श्रम शक्ति' हो कि 'विदेशी टिकट होल्डर'? कामको खोजीमा विदेश निस्कने उनीहरूलाई रोकेर कृषिमा लगाउने कुरा 'सुनको चम्मचमा कफ' जस्तै छ। राज्यले युवालाई सिपमूलक तालिम दिएर कृषि पेसामा आकर्षित गर्न सक्ला कि खेतमा 'साँझको सूरज' फेरि चम्कन्छ? नभए 'देशकै धर्तीमा हराएको भविष्य' बनिरहन्छ। खेती बारी बाँझो छ भने, हाम्रो 'आयातको आश्रय' बढ्छ। हामी 'धानका क्यासिनो' मा फसेका छौं जहाँ 'पैसा खेलिन्छ, तर अन्न कम्छ।' असारले लोकजीवनमा ठूलो चाड बन्ने ठाउँ खोजिरहेको छ, तर 'उर्वर भूमि' बाँझो हुँदै जान्छ, मानौं त्यो 'सुनको खानी' खनिदिने फाल्ने ठाउँ बनेको छ। स्वदेशी श्रम र सिप विदेशमा पोखिँदै छ भने, 'गाउँको माटोमा बिदेसका पदचाप' बढ्दैछन्। युवालाई 'देशमै राख्न' सकियो भने मात्रै हामी 'श्रम र समृद्धिको संगीत' गाउँन सक्छौं। वैदिक कालदेखि असारको महत्व छ भन्ने कुरा हाम्रा पूर्वजहरूले गीत, कविता, महाकाव्यमा छोपेका छन्, जस्तै कालिदासको 'मेघदूत' जसले आषाढको वर्णन गर्दा आकाशबाट बरसिने प्रेमरस झैं त्यो महिना हामीलाई 'आशा र अपेक्षाको वर्षा' दिन्छ। तर वर्तमानमा असार भइसकेको छ 'राजनीतिक वर्ष' र 'बिरासतको सुक्खा थोपो' बन्ने। के हामी फेरि त्यो असारको 'सुनौलो सपनामा' फर्कन सक्नेछौं?

सत्य यो छ कि असार 'माटोको महिना' मात्र होइन, 'सपना र सासको समागम' पनि हो- तर जबसम्म हामी खेतबारीमा गगनचुम्बी संरचनामा मात्र हेरिरहन्छौं, तबसम्म यो 'आकाशे खेती' जस्तो रहनेछ, जहाँ बिउ रोप्ने साटो 'कागजमा कुरा' मात्र हुन्छ।

कृषिलाई व्यावसायिक बनाउनुपर्छ, होइन भने असारमा वर्षा छ, तर 'अन्न होइन, अभाव' नै हुनेछ।यो 'असारको अडान' छ- हिलोमा हिँड्नुस् कि राजनीति र लालचको दलदलमा डुब्नुस्? माटोले भन्छ, "मेरी पूजा गर, नत्र म तिम्रो विरानो बगैंचा बन्नेछु।" 'आषाढ' भन्ने वित्तिकै जुन आकाशबाट अजम्बरी बर्सिन्छ, त्यही असार हामीकहाँ कृषि पर्व मात्र नभई 'जलविधिको ज्वरो' बन्न आइपुग्छ। असारको शाब्दिक अर्थ 'सार नभएको' भए तापनि, बजेट सकाउने सरकारी गथांलाहरूका लागि असार भनेको 'सारसंग्रहको सिजन' हो।

खेतमा रोपाइँभन्दा बढी हिलोमा फोटोग्राफी र बुट मिचेर मञ्चमा उफ्रिने मन्त्रीहरूको 'मोडलिङ मेला' असारमा नै देखिन्छ। असारे गीतको भाका भन्दा असारे घोषणाको हल्ला बढी गुन्जिन्छ। दही चिउराको चाखभन्दा 'ढिलाइको दस्तखत' मीठो मानिन्छ। रोपाइँको पवित्रता सरकारी कागजको कूचोमा रुमल्लिएर 'रिन र रिसको रिजर्भ बैंक' बन्न पुग्छ। हिलोको आलिंगनलाई 'अफिसको एसी'बाट हेरेर व्याख्या गर्ने नेताहरूले गाउँको असारलाई 'भाषणको बारुद' बनाएर छोड्छन्। युवा विदेश पुगेर डलर रोप्दैछन्, यहाँका खेत बाँझो छन्, अनि असारका बोटहरूमा 'नारामा लहराउने ध्वजा' फुल्छन्। असारले साँच्चिकै सुस्केरा मारिरहेको छ- 'मलाई खेतीको महिना बनाऊ, राजनीति र कमिशनको नभई'। तर खै! असारमा हिलो मात्र होइन, लोभ र लालचको पनि रोपाइँ भइरहेको छ।असार, जसलाई आकाशले आँसु पियाएर पठाउँछ, तर यहाँ खेतमा पानी होइन, भाषणको भेल बगाइन्छ। असारको शाब्दिक अर्थ सार नभएको भए पनि नेताहरूका लागि 'सार निकाल्ने' र कमिशन छोप्ने मौसम यही हो। हिलोको आलिंगन गर्नुको सट्टा मन्त्रीहरू फोटो खिचाउन मञ्चमा उफ्रिन्छन्, असारे गीतको लयभन्दा उद्घाटनको हल्ला बढी घन्किन्छ। दही चिउरा खानुको साटो दाम चुस्न कागजमा दस्तखतको स्वाद चाखिन्छ। असारमा खेत सिँचाइ हुनुको साटो भाषणको सिँचाइ हुन्छ, धान रोप्नुको साटो लोभ रोपिन्छ। युवा डलर रोप्न विदेशिन्छन्, यहाँका खेत बाँझिन्छन्, अनि असारको बोटमा नाराको फूल फुल्छ। असार सुस्केराले भन्छ, 'म खेतीको महिना हुँ, कमिशनको होइन', तर खै! हिलो मात्रै होइन, हेक्का नभएको देशमा लालच र लोभको पनि रोपाइँ भइरहेको छ।

असारे गीत झरीमा रुझेर वा हिलोमाथि खेलेर हली, बाउसे, रोपाहार जोसुकैले पनि सुरिलो भाकामा गाउँछन् । आपसमा रमाइलो गरी गीत गाउनु, हिलो खेल्नु रोपाइँको क्रममा देखिने रौनकता हो । असारे गीत नेपाली ग्रामीण जनजीवनमा परम्परागत रूपमा व्यवफत हुँदै आएको भए पनि वर्तमान समयमा सङ्कटमा परेको छ । त्यसैले, यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो ।

असार, जसलाई आकाशले आँसु पियाएर पठाउँछ, तर यहाँ खेतमा पानी होइन, भाषणको भेल बगाइन्छ। असारको शाब्दिक अर्थ सार नभएको भए पनि नेताहरूका लागि 'सार निकाल्ने' र कमिशन छोप्ने मौसम यही हो। हिलोको आलिंगन गर्नुको सट्टा मन्त्रीहरू फोटो खिचाउन मञ्चमा उफ्रिन्छन्, असारे गीतको लयभन्दा उद्घाटनको हल्ला बढी घन्किन्छ। दही चिउरा खानुको साटो दाम चुस्न कागजमा दस्तखतको स्वाद चाखिन्छ। नेपाली माटोमा परम्परादेखि खेती हुँदै आएका धानका जातमा मन्सुली, मार्सी, बासमती, घैया, बगडी आदि छन् । यीबाहेक पछिल्लो समयमा आएर थुप्रै नयाँ जातका धानका बिउ पनि खेती हुन थालेका छन्।

त्यसैले, रैथाने जातका बिउको संरक्षण गर्दै उत्पादनमा वृद्धि गर्नेतर्फ कृषक पनि सचेत हुनु पर्छ । हामी चामल आयात होइन, निर्यात गर्ने उच्चकोटीको देश भनेर चिनिनु पर्छ । कामको खोजीमा युवा बिदेसिनु परिरहेको वर्तमान परिप्रेक्ष्यमा कृषिलाई राज्यले प्रमुख प्राथमिकता दिनु पर्छ । अनि स्वदेशमा नै रोजगारी सिर्जना हुन्छ र बिदेसिने युवाको दर पनि न्यून हुन पुग्छ। यदि दिनहुँ बिदेसिने युवालाई सिपमूलक तालिम दिएर कृषि पेसामा आकर्षित गर्न सकिएमा बिदेसिने युवाको दर न्यून गर्न सकिन्छ। परनिर्भरता पनि केही हदसम्म कम गर्न सकिन्छ । खेतबारी बाँझै छन्। कृषि उपजमा हामी आयातमा भर पर्नु परेको छ, जसका कारण असार अझै लोकजीवनमा ठूलो चाड बन्न सकेको छैन। हाम्रा उर्वर भूमि दिनप्रतिदिन बाँझो हुँदै छन् । स्वदेशी श्रम र सिप विदेशमा पोखिने क्रमलाई अन्त्य गर्दै युवालाई परिचालन गरी स्वदेशमा नै उनीहरूको श्रम र सिपलाई व्यवस्थापन गर्न सक्नु पर्छ । कृषिमा युवा सहभागिता बढाएर कृषिप्रधान देशको अर्थ सान्दर्भिक बनाउन सकिन्छ।

त्यसो त वैदिक कालदेखि नै असार महिनाको विशेष महत्व रहेको पाइन्छ । असारको सामाजिक, सांस्कृतिक, जैविक, प्राकृतिक एवं आर्थिक महत्त्व मात्र नभई साहित्यिक महत्त्व पनि उत्तिकै रहेको पाइन्छ। आषाढस्य प्रथम दिवशे भनेर मेघदूत काव्यमा कालिदाशले आषाढको वर्णन गरेको पाइन्छ भने यसलाई आधार बनाएर विभिन्न कविता, गीत आदि साहित्य रचना गर्ने काम पनि भएको पाइन्छ । *-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिन नयाँ कामको योजना बनाउन उपयुक्त छ। आत्मविश्वास बढ्नेछ । | **तुला** : कर्म क्षेत्रमा प्रगति हुनेछ । घर परिवारमा खुशी छाउनेछ । |
| **वृष** : धन लाभको सम्भावना छ । मनमा उत्साह जाग्नेछ। प्रेममा सुधार आउनेछ। | **वृश्चिक** : नजिकको व्यक्तिबाट सहायता मिल्नेछ । यात्राबाट लाभ हुने संकेत छ । |
| **मिथुन** : सामाजिक मान-सम्मान प्राप्त हुनेछ । यात्रा सुखद रहनेछ । | **धनु** : साँझपख शुभ समाचार सुन्न पाइनेछ। यात्राको सम्भावना छ । |
| **कर्कट** : कामको चाप बढ्न सक्छ । साथीहरूको साथ पाइनेछ । | **मकर** : धन खर्च बढ्न सक्छ । आत्मबल उच्च रहनेछ । |
| **सिंह** : आर्थिक लाभ मिल्ने संकेत छ। पुराना साथी भेटिने सम्भावना छ । | **कुम्भ** : सृजनात्मक कार्यमा सफलता मिल्नेछ। घरमा रमाइलो माहोल रहनेछ। |
| **कन्या** : नयाँ ज्ञान आर्जन गर्ने दिन हो। पढाइमा सफलता मिल्नेछ । | **मीन** : शुभ कार्यको सुरुवात गर्न सकिनेछ। मनोकामना पुरा हुने सम्भावना छ । |

# पाल्पा जेसिजद्वारा विद्यालयमा मनोविमर्श




**पाल्पा, असार १६/** पाल्पा जेसिजले जिल्लाको एक सामुदायिक विद्यालयमा मनोविमर्श कार्यक्रम गरेको छ । उसले "मन स्वस्थ रहे जीवन स्वस्थ रहन्छ" भन्ने नारालाई आत्मसाथ गर्दै जिल्लाको माथागढी गाउँपालिका-१, बुढीकोटस्थित आदर्श आधारभूत विद्यालयमा मनोसामाजिक मनोविमर्श अभिमूखिकरण कार्यक्रम गरेको हो ।

यहाँका शिक्षक शिक्षिका र विद्यार्थीहरुका लागि मनोसामाजिक मनोविमर्श कार्यक्रम गरिएको जेसिजका जिल्ला अध्यक्ष जेसी विवेक काजी शाक्यले बताए । पछिल्लो समय मानिसहरुमा व्यस्त जीवनशैलीका कारण मनोसामाजिक समस्याहरु देखा पर्दै गएकाले सचेतनामार्फत समाधान गर्न सकिने भएकाले विद्यालय तहमा मनोविमर्श कार्यक्रम गरिएको उनले बताए । अध्यक्ष शाक्यले भने" सचेतनाका माध्यमबाट मनोसामाजिक समस्याहरु कम गर्न सकिन्छ, त्यसैले विद्यालयस्तरमा पुगेर विद्यार्थी, शिक्षकहरुमा कार्यक्रम गर्दै हिडेका हौं ।"

जेसिजकी उपाध्यक्ष जेसी कला दाहालले मनोसामाजिक मनोविमर्शको बारेमा प्रशिक्षण दिएकी थिइन् । उनले दैनिक जीवनमा आइपर्ने विभिन्न समस्याहरुले गर्दा व्यक्तिको मन, शरीर र दिमागसँगको तालमेल बिग्रिने र मनोसामाजिक समस्याहरु उत्पन्न हुने भएकाले यसतर्फ सबै वर्ग सचेत हुनुपर्ने बताइन् । विद्यालयमा शिक्षक शिक्षिकाहरु यस्ता विषयहरुमा सचेत भए मात्र विद्यार्थीहरुको मनोभाव बुझ्न सक्ने र सोही अनुरुप विद्यार्थीहरुसँगको सम्बन्ध कायम गर्ने सक्ने प्रशिक्षक दाहालले उल्लेख गरिन् । विभिन्न भावनात्मक संवेग, पारिवारिक वा सामाजिक कारणहरुले गर्दा हुने छटपटी, तनाव व्यवस्थापनको लागि यस्ता अभिमूखिकरण कार्यक्रमहरु महत्वपूर्ण हुने विद्यालयकी प्रधानाध्यापक गिरीजा पाण्डेले बताईन् ।

जेसिजका पूर्व अध्यक्ष जेसी अच्यूत खनालले यस्ता कार्यक्रम आगामी दिनमा पनि जेसिजले गर्दै जाने बताए । जेसिजका अध्यक्ष जेसी विवेक काजी शाक्यको अध्यक्षता, जेसिजका थिम डाइरेक्टर जेसी निजाम दीन मियाको संयोजकत्व, महासचिव जेसी गणेश पन्थीको सञ्चालनमा कार्यक्रम भएको थियो ।




## खेलकुद समाचार

### पाकिस्तान टेस्ट टिमको मुख्य प्रशिक्षक नियुक्त



**काठमाडौं, असार १६/** पाकिस्तानको पुरुष टेस्ट क्रिकेट टिमको कार्यवाहक मुख्य प्रशिक्षकमा अजहर महमूद नियुक्त भएका छन् । पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी) ले पूर्वअलराउन्डर अजहरलाई टेस्ट टिमको नयाँ कार्यवाहक मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो । अजहरले यसअघि पाकिस्तानको पुरुष टोलीको बलिङ प्रशिक्षक र सहायक मुख्य प्रशिक्षकका रूपमा लामो समय बिताएका थिए । खेलाडी र प्रशिक्षकका रूपमा पहिलेको अनुभवका कारण अजहरले यो भूमिका राम्रोसँग निर्वाह गर्न सक्ने पीसीबीको विश्वास छ । गएको वर्षको अन्त्यतिर अस्ट्रेलियाका जेसन गिलेस्पीले राजीनामा दिएपछि पूर्व तीव्र गतिका बलर तथा सन् १९९२ को आईसीसी पुरुष क्रिकेट विश्वकप विजेता आकिब जावेदले टेस्ट टोलीको प्रशिक्षकको भूमिका निर्वाह गर्दै आएका थिए । अजहरले अहिलेको सम्झौताको अन्त्य नभएसम्म मुख्य प्रशिक्षकका रूपमा काम गर्ने पीसीबीले जनाएको छ । ५० वर्षीय पूर्वअलराउन्डर अजहर महमूदले सन् १९९७ देखि २० वर्षको अवधिमा १ सय ४३ एकदिवसीय अन्तर्राष्ट्रिय र २१ टेस्ट क्रिकेटमा देशको प्रतिनिधित्व गरेका थिए । उनले १ सय ६२ विकेट लिनुका साथै ३ शतक पनि बनाएका छन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिको वर्ष ३० अंक ३३५, मिति २०८२/०३/१६ गते दोस्रो पृष्ठमा **पाल्पामा पहिलोपटक 'होटल म्यानेजमेन्ट' विषयको पठनपाठन हुने** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । स.

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक एकल अंकलले बढ्यो



**पाल्पा, असार १६/**नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक एकल अंकले बढेको छ । सोमबार नेप्से परिसूचक नौ दशमलव १९ अङ्कले बढेर दुई हजार ६ सय ३१ दशमलव ४८ विन्दुमा कायम भएको हो ।

विभिन्न ३ सय १८ कम्पनीका एक करोड ४१ लाख ७२ हजार ५ सय ३५ कित्ता शेयर ६३ हजार ३ सय ७१ पटक खरिदबिक्री हुँदा छ अर्ब ३८ करोड ७२ लाख सात हजार १५ बराबरको कारोबार भएको छ । कारोबारमा वित्त समूह शून्य दशमलव ०६, होटल तथा पर्यटन शून्य दशमलव ०३, जलविद्युत् शून्य दशमलव २८ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ ।

उत्पादन तथा प्रशोधन समूह सबैभन्दा धेरै एक दशमलव ६३ प्रतिशतले बढेको छ । बैङ्किङ शून्य दशमलव ३८, विकास बैङ्क शून्य दशमलव ७२, लगानी शून्य दशमलव ०२, जीवन बिमा शून्य दशमलव ८२, लघुवित्त शून्य दशमलव ९२, म्युचुअल फन्ड शून्य दशमलव ३६, निर्जीवन बिमा शून्य दशमलव ६१ र व्यापार समूह शून्य दशमलव ७२ प्रतिशतले बढेको छ । कारोबारमा राप्ती हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ भने पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ९२ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै साहास ऊर्जा लिमिटेडको ३६ करोड ५३ लाख ९८ हजार ४८८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सिङ्गटी हाइड्रो इनर्जी लिमिटेड सात लाख १५ हजार ९३९ कित्ता खरिदबिक्री भएको छ ।

# पाल्पामा एसइई नतिजाको...

**...देववाणीले निकाल्यो र्‍याली**

तानसेनस्थित देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयले एसइईमा उत्कृष्ट नतिजा ल्याउन सफल भएको भन्दै उत्साजनक र्‍याली निकालेको छ ।

र्‍यालीमा विद्यार्थी, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकहरुले एक आपसमा खुसी साटसाट गर्नुको साथै पञ्चेबाजा बजाउदै नाचगान सहित तानसेन नगर परिक्रमा गरेका थिए । विद्यालयले चार जिपिएसहित ४८ जना विद्यार्थी उत्कृष्ट बनाउन सफल भएको छ । यहाँबाट सुलभ भट्टराई चार जिपिए ल्याएका छन् । विद्यालयबाट ६३ जना विद्यार्थी परीक्षामा सहभागी थिए । जसमा ४८ जना उर्तिण भएका हुन् । कुनै समय बन्द गर्ने अवस्थामा पुगेको विद्यालयले पछिल्लो समय उत्कृष्ट नतिजा ल्याउँदै आएको छ । हाल यस विद्यालयमा ५ सय भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको विद्यालयका प्रअ कृष्ण थापाले बताए । सम्पूर्ण शिक्षक, अभिभावक र विद्यार्थीको मेहनतका कारण उत्कृष्ट नतिजा ल्याउन सफल भएको उनको भनाई छ ।

**जेभिटीको प्राविधिक धारतर्फ शतप्रतिशत विद्यार्थी उर्तिण**

जनता माध्यमिक विद्यालय तानसेन पाल्पाले प्राविधिक धार (इन्जिनियरिङ्ग) तर्फ शत प्रतिशत नतिजा हासिल गरेको छ । प्राविधिक धारतर्फ जिल्लामा शत प्रतिशत नतिजा हासिल गर्ने विद्यालय जनता मावि तानसेन मात्र रहेको विद्यालयका प्रधानाध्यापक हरि प्रसाद घिमिरेले बताए । यहाँ २५ जना विद्यार्थीहरु एसइई परीक्षामा सहभागी भएकोमा २५ जना विद्यार्थी नै उर्तिण भएका छन् ।

यसैगरी एसइई परीक्षामा एक सय भन्दा बढी विद्यार्थी सहभागी गराएर ए ग्रेड भन्दा माथी ४० प्रतिशत विद्यार्थी उर्तिण गराउने विद्यालय राष्ट्रिय शिक्षा पुरस्कारको लागि दावी गर्न पाउने नियम अनुसार जनता मावि तानसेन राष्ट्रिय शिक्षा पुरस्कारको दावी गर्ने स्थानमा पुगेको विद्यालय व्यबस्थापन समितिका अध्यक्ष रामजी पोखरेल( भोजराज)ले बताए । जनताले समग्र नतिजाको ४५ प्रतिशत ए ग्रेड माथिको नतिजा ल्याएको दावी अध्यक्ष पोखरेलले गरेका छन् । अहिले सरकारी स्तरमा देशभरीबाट राज्यको घोषित निति अनुसार एसईई परिक्षा २०८१ को नतिजामा १५ औ स्थानमा जनता मावी( जेभेटी) आएको विद्यालयका शिक्षक राम प्रसाद ढकालले दावी गरे । जनता माध्यमिक विद्यालय तानसेनबाट १२१ जना विद्यार्थीहरु एसईई परीक्षामा सहभागी भएकोमा ८६ जना उर्तिण भई ७१ प्रतिशत नतिजा हासिल गरेको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई